वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
*Lawyers forum for human rights and rule of law*

# प्रेस वक्तव्य

**२०७७ साउन २**
**काठमाडौं, नेपाल**

## अन्तर्राष्ट्रिय न्याय दिवसको अवसरमा रोम विधानको पक्षराष्ट्र बन्नका लागि सरकारलाई एड्भोकेसी फोरमको आग्रह

सन् १९९८ को जुलाई १७ मा रोम विधान ग्रहण गरिएको सम्झनामा विश्वभरि जुलाई १७ लाई अन्तर्राष्ट्रिय फौजदारी न्याय दिवसका रूपमा मनाउने गरिएको छ । यस अवसरमा एड्भोकेसी फोरम-नेपाल अन्तर्राष्ट्रिय न्याय प्रणालीको सुदृढीकरणमा सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्छ तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानले ठहर गरेको नरसंहार, मानवताविरुद्धको अपराध, युद्ध अपराध र नियोजित अपराध यी चार अपराधमा दण्डहीनता अन्त्य गर्नका लागि मिलेर अघि बढ्न सबै सरोकारवालाहरू समक्ष आह्वान गर्छ ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान तुलनात्मक रूपमा नयाँ संयन्त्र भए पनि अन्तर्राष्ट्रिय स्तरमा मानवअधिकार संरक्षण तथा प्रवर्द्धनका लागि कोशेढुंगा साबित भएको छ । नरसंहार, मानवताविरुद्धको अपराध, युद्ध अपराध तथा नियोजित अपराधमा व्यक्तिको फौजदारी दायित्वको प्रावधान यस अदालतको विशेषता हो जसअन्तर्गत राज्यले नभई व्यक्तिले अपराधको दायित्व वहन गर्नुपर्छ । रोम विधानले अन्तर्राष्ट्रिय फौजदारी अदालतमा माथि उल्लेखित चारवटा अन्तर्राष्ट्रिय अपराधका पीडकलाई अभियोजन गर्ने र (कुनै देशको राष्ट्रिय फौजदारी न्याय प्रणाली पीडकलाई अभियोजन गर्न अनिच्छुक वा असमर्थ रहेको खण्डमा) अन्तर्राष्ट्रिय तहमा पीडितहरूलाई न्याय दिलाउने लक्ष्य लिएको छ ।

रोम विधानमा अहिलेसम्म १३९ वटा पक्षराष्ट्र छन् । अन्तर्राष्ट्रिय फौजदारी अदालत अन्तर्राष्ट्रिय फौजदारी न्यायको प्रतीक हो अनि देशविशेषको क्षेत्राधिकारले पीडकहरूलाई अभियोजन गर्न र दण्ड दिन नसकेको अवस्थामा समेत अपराधहरूमा दण्डहीतना हुँदैन भन्ने तथ्यको बलियो संकेत हो । तर क्षेत्राधिकारको विषय तथा राज्यहरू स्वेच्छाले जोडिने विषय भएकाले फौजदारी अदालतलाई व्यक्तिहरूको अभियोजन गर्न र पीडितलाई न्याय दिन अवरोध पुऱ्याएको छ । त्यसैले अन्तर्राष्ट्रिय फौजदारी न्याय प्रणालीलाई सहयोग पुऱ्याउन एड्भोकेसी फोरम नेपाल सरकारलाई तत्कालै रोम विधानको पक्षराष्ट्र बन्दै फौजदारी अदालतको क्षेत्राधिकार स्वेच्छाले स्वीकार गर्न आग्रह गर्छ । रोम विधानको पक्षराष्ट्र बन्दा न्याय तथा जवाफदेहितामा नेपालको प्रतिबद्धता व्यक्त हुने मात्र नभई नेपालको भूमिमा भविष्यमा हुन सक्ने यस्ता अपराधलाई पनि रोक्न सक्छ । अन्तर्राष्ट्रिय अपराधमा जवाफदेहिता नै न्यायपूर्ण समाजको आधारशिला हो भन्ने विश्वव्यापी रूपमा स्वीकार गरिएको मान्यता हो भनी एड्भोकेसी फोरम स्मरण गर्दछ तथा रोम विधानको पक्षराष्ट्र बन्न नेपाल सरकारलाई पुनः आग्रह गर्छ ।

नेपालको संविधानमा सुनिश्चित गरिएअनुसार मानवअधिकारप्रतिको प्रतिबद्धतामा र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा बारम्बार गरिएको घोषणा तथा प्रतिवद्धता गरिएअनुसार मानवअधिकार तथा विधिको शासनप्रतिको प्रतिबद्धतामा अडिग रही विगतमा (सन् १९९६ देखि २००६ सम्म) गरिएका ज्यादती नदोहोरिने सुनिश्चित गर्नका लागि एड्भोकेसी फोरम फौजदारी अदालतको क्षेत्राधिकारलाई स्वीकार गर्न सरकारको ध्यानआकर्षण गर्छ ।

ओम प्रकाश सेन ठकुरी
निर्देशक
एड्भोकेसी फोरम नेपाल